आज मिति २०७९/०९/२४ गते दिउँसो ३:०० बजे धनगढी उप-महानगरपालिकाका नगर प्रमुख श्री गोपाल हमाल ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १) | श्री गोपाल हमाल | नगर प्रमुख | |
| २) | श्री कन्दकला कुमारी राना | नगर उप- प्रमुख | |
| ३) | श्री सन्तोष मुडभरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ४) | श्री धर्मराज ओझा | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ५) | श्री राज वहादुर ऐर | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ६) | श्री बुद्धी बहादुर खड्का | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ७) | श्री गजेन्द्र शाही | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ८) | श्री भागीराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ९) | श्री मोती राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १०) | श्री जुगराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ११) | श्री प्रेम वहादुर भण्डारी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १२) | श्री शिव कुमार राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १३) | श्री रुप वहादुर कुँवर | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १४) | श्री सेर वहादुर महरा | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १५) | श्री विजय राज जोशी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १६) | श्री मान वहादुर विष्ट | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १७) | श्री सुखदेव रानाथारु | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १८) | श्री रामलाल चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १९) | श्री माधव राज राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २०) | श्री भुवन रिजाल | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २१) | श्री बाँधुराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २२) | श्री यशोदा भणडारी | कार्यपालिका सदस्य | |
| २३) | श्री माया कुमारी भण्डारी (साउद) | कार्यपालिका सदस्य | |
| २४) | श्री निशा कुमारी आउजी | कार्यपालिका सदस्य | |
| २५) | श्री विन्दु तामाङ्ग | कार्यपालिका सदस्य | |
| २६) | श्री सुस्मा चौधरी | कार्यपालिका सदस्य | |
| २७) | श्री अनिल कुमार | कार्यपालिका सदस्य | |
| २८) | श्री चक्र बहादुर नेपाली | कार्यपालिका सदस्य | |
| २९) | श्री महादेव सुनार | कार्यपालिका सदस्य | |
| ३०) | श्री रामलाल श्रेष्ठ | प्र.प्र.अ/ सचिव | |

**निर्णय नं. १:**

धनगढी उप-महानगरपालिका विधायन समितिबाट सिफारिस भै आएका देहाय बमोजिमका विधेयकहरु र नीति नगरसभाको आगामी नवौँ अधिवेशनको बैठकमा पेश गर्नका लागि स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**देहाय:**

१. नगर शिक्षा ऐन धनगढी, २०७४ मा (दोस्रो संशोधन) विधेयक, २०७९
२. बजार व्यवस्थापन सम्बन्धी विधेयक, २०७९
३. प्लाष्टिक जन्य वस्तु प्रयोगमा प्रतिबन्ध सम्बन्धी विधेयक, २०७९
४. सामुदायक/छाडा पशु चौपाया नियन्त्रण तथा व्यवस्थापन विधेयक, २०७९
५. विद्युतीय ई-रिक्सा तथा अटो रिक्सा (संचालन तथा व्यवस्थापन सम्बन्धी) विधेयक, २०७९
६. धनगढी उप-महानगरपालिकाको लघु, घरेलु तथा साना उद्योग दर्ता, नविकरण, खारेजी तथा प्रवर्द्धन सम्बन्धी विधेयक, २०७९
७. धनगढी उप-महानगरपालिका नगर खेलकुद विकास विधेयक, २०७९
८. धनगढी उप-महानगरपालिका सुशासन विधेयक, २०७९
९. धनगढी उप-महानगरपालिकाको नगर स्वास्थ्य नीति, २०७९

साथै, उक्त विधेयकहरु र नीति नगरसभाको बैठकमा पेश गर्न कार्यपालिका सदस्य श्री राज बहादुर ऐरलाई तोक्ने समेत निर्णय गरियो ।

**निर्णय नं. २:**

आ.व. २०७९/०८० मा विविध कारणबस परिवर्तन / संशोधन एवं एकीकरणको लागि वडा कार्यालयबाट सिफारिस भई आएका तपशिल बमोजिमका योजनाहरुलाई लेखा सुत्र प्रणाली संग भिडान हुने गरी परिमार्जित गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

| क्र.स.. | आ.व. २०७९/०८० छानोट भएका योजनाहरु | सम्वन्धित शाखाबाट योजना परिवर्तनको माग भइ सिफारिस आएका योजनाहरु | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | सी.नं.४६० , धनगढी-१२, वडा स्तरीय खेलकुद कार्यक्रम संचालन रु. ७,५०,००० \|- मध्ये ७,००,००० \|- | धनगढी-१२, मनकामना युवा क्लबलाई फुटवल खेल संचालन रु.१,५०,०००\|-<br>धनगढी-१२, सु.प.प्रदेश स्तरीय क्वान प्रतियोगिता रु.५०,०००\|-<br>वडा स्तरीय सेड प्रतियोगिता रु.३०,००० \|- जनचेतनामुलक र्याली कार्यक्रम संचालन रु. ५०,००० \|-<br>सडक बत्ती जडान रु. ४,२०,००० \|- | ७,००,००० \|- | योजना परिवर्तन / संशोधन गर्ने व्यहोरा (च.नं. १८००, मिति २०७९/०९/२५ ) को सिफारिस पत्र आएको। |
| २ | सी.नं. ४६१, धनगढी -१२, विभिन्न सास्कृतिक कार्यक्रम संचालन रु. २,००,००० \|- | धनगढी-१२, ए गाउँ होली पर्व रु. ५,००० \|-<br>बि गाउँ होली पर्व रु. ५,००० \|-<br>सी गाउँ होली पर्व रु. ५,००० \|-<br>डी गाउँ भुवा पर्व रु. ५,००० \|-<br>डी गाउँ बिशौं पर्व रु. ५,००० \|-<br>सोनाम लोसार रु. १०,००० \|-<br>उधौली पर्व रु. ५,००० \|-<br>वडा स्तरीय तिज कार्यक्रम १०,००० \|-<br>राना तथा चौधरी जातिको माघी पर्व रु. २०,००० \|-<br>फर्निचर खरिद रु. १,३०,००० \|- | २,००,००० \|- | योजना परिवर्तन / संशोधन गर्ने व्यहोरा (च.नं. १८००, मिति २०७९/०९/२५ ) को सिफारिस पत्र आएको। |

| | | | | |
|---|---|---|---|---|
| ३. | सी.नं. ४६३, धनगढी-१२, अनुगमन, मूल्यांकन खर्च रु. १,५०,००० I- | धनगढी-१२, वडा कार्यालयको लागि फर्निचर फर्निसिंग तथा इलेक्ट्रिकल सामान खरिद रु. १,५०,००० I- | १,५०,०००I- | योजना परिवर्तन / संशोधन गर्ने व्यहोरा (च.नं. १८००, मिति २०७९/०९/२५ ) को सिफारिस पत्र आएको I |
| ४. | सी.नं. ४६४, धनगढी-१२, विपद व्यबस्थापन कोष रु.३,००,००० I- | धनगढी-१२, विपद व्यवस्थापन रु. १,००,०००<br>धनगढी-१२, वडा कार्यालयको लागि फर्निचर तथा इलेक्टोनिक सामान खरिद रु. २,००,०००I- | ३,००,००० I- | योजना परिवर्तन / संशोधन गर्ने व्यहोरा (च.नं. १८००, मिति २०७९/०९/२५ ) को सिफारिस पत्र आएको I |

**निर्णय नं. ३:**

यस धनगढी उप-महानगरपालिकाको आ.व. ०७९/०८० को वार्षिक कार्यक्रम अनुसार स्वीकृत तपसिल बमोजिमको योजना संशोधन गर्ने निर्णय गरियो ।

| क्र.स.. | आ.व. २०७९/०८० छानोट भएका योजनाहरु | सम्वन्धित शाखाबाट योजना परिवर्तनको माग भइ सिफारिस आएका योजनाहरु | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | Procurement of Fabricated steelparts for Urma Suspention Bridgw and Damauliya Suspension Bridge – रु. ३५,००,०००I- | Construction of Jahari Truss Bridge Shanti Tole Suspention Bridge and Damauliya Suspention Bridge- रु.३५, ००,०००I- | ३५,००,०००I- | |

**निर्णय नं. ४:**

यस धनगढी उप-महानगरपालिकाको वडा नं. ४ को गत वर्षको भुक्तानी दिन बाँकी तपसिल बमोजिमको रकम न.पा. को सम्बन्धित शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**तपसिल:**

- रु. ३५,०००I– (पैतीस हजार) फर्निचर खरिद
- रु. २०,०००I– (बीस हजार) कार्पेट खरिद
- रु. ३, ५०,०००I-- (तीन लाख पचास हजार) ल्यापटप तथा विद्युत सामाग्री खरिद/ मेशिनरी औजार

**निर्णय नं. ५:**

आ.व. ०७९/०८० का लागि आठौं नगरसभाबाट पारित कुल बजेटमा तपसिल बमोजिम संशोधन गर्न स्वीकृतिका लागि आगामी नगरसभाको नवौं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**तपसिल:**

**कुल आय तर्फ:-** १ अर्ब ९८ करोड १७ लाख ४ हजार ८ सय ४०

**कुल व्यय तर्फ:-** १ अर्ब ९८ करोड १७ लाख ४ हजार ८ सय ४०

**चालु तर्फ:-** १ अर्ब ११ करोड ४५ लाख ४६ हजार ८ सय ८८

**पुँजीगत तर्फ:-** ८६ करोड ७१ लाख ५७ हजार ९ सय ५२

**निर्णय नं. ६:**

यस धनगढी उप-महानगरपालिकाद्वारा पारित ०७९/०८० को बजेट आय र व्यय तर्फ तपसिल बमोजिम संशोधन गर्न स्वीकृतिका लागि आगामी नगरसभाको नवौँ अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**तपसिल:**

**आय तर्फ:**

| सि.नं. | साविक शिर्षक | रकम रु. | परिवर्तन गर्नुपर्ने | रकम रु. | श्रोत |
|---|---|---|---|---|---|
| १. | गतको मौज्दात | १०,००,००,०००।- | गतको मौज्दात | १५,०५,००,०००।- | आन्तरिक |

**व्यय तर्फ (चालु)**

| सि.नं. | साविक शिर्षक | रकम रु. | परिवर्तन गर्नुपर्ने | रकम रु. | श्रोत |
|---|---|---|---|---|---|
| १. | करार सेवा | २,५०,००,०००।- | करार सेवा | ६,००,००,०००- | आन्तरिक |
| २. | घर भाडा | १५,००,०००।- | घर भाडा | २०,००,०००।- | आन्तरिक |
| ३. | ईन्धन कार्यालय प्रयोजन | १,३०,००,०००।- | ईन्धन कार्यालय प्रयोजन | १,८०,००,०००।- | आन्तरिक |

**व्यय तर्फ पूँजीगत**

| सि.नं. | साविक शिर्षक | रकम रु. | परिवर्तन गर्नुपर्ने | रकम रु. | श्रोत |
|---|---|---|---|---|---|
| १. | भैपरी पूँजीगत खर्च | २,००,००,०००।- | भैपरी पूँजीगत खर्च | ३,००,००,०००।- | आन्तरिक |

**निर्णय नं. ७:**

धनगढी उप-महानगरपालिका वडा नं. १ कैलाली पुल देखि वडा नं. ८ क्याम्पस रोड हुलाकी सडकको शून्य बिन्दु सम्म सडक निर्माणका लागि सुदूरपश्चिम प्रदेश सरकार भौतिक पूर्वाधार मन्त्रालयबाट बजेट विनियोजन भै आजै बोलपत्र प्रकाशित भएकोमा सुदूरपश्चिम प्रदेश सरकारका माननीय मुख्य मन्त्री श्री त्रिलोचन भट्ट ज्यू, माननीय भौतिक पूर्वाधार मन्त्री श्री दीर्घ बहादुर सोडारी ज्यू, माननीय आर्थिक मामिला मन्त्रालयका मन्त्री श्री प्रकाश रावल ज्यू, मुख्य मन्त्री तथा मन्त्री परिषद कार्यालयका प्रमुख सचिव श्री नारायण प्रसाद शर्मा दुवाडी ज्यू, भौतिक पूर्वाधार मन्त्रालयका सचिव श्री तुलसी राम भट्टराई ज्यू, आर्थिक मामिला मन्त्रालयका सचिव श्री राम बन्धु सुवेदी ज्यू र भौतिक पूर्वाधार कार्यालयका डिभिजनल इन्जिनियर श्री राम चन्द्र खत्री ज्यू सहित सम्पूर्ण सुदूरपश्चिम प्रदेश सरकार प्रति धनगढी उप-महानगरपालिकाको तर्फबाट आभार एवं धन्यवाद प्रकट गर्ने निर्णय गरियो ।

**निर्णय नं.८:**

स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन कार्यविधि, २०७७ बमोजिम यस धनगढी उप-महानगरपालिकाको आ.व. २०७८/०७९ को स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन (LISA) गर्दा सबै शाखा, महाशाखाले आ-आफ्नो शाखा, महाशाखाबाट वार्षिक रुपमा गरेका विभिन्न कार्यको आधारमा ६६ नं. प्राप्त गरेकोले सो प्राप्ताङ्क अंक लाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९:**

धनगढी उप-महानगरपालिकाको आ.व. २०७९/०८० मा कनरी पार्क संचालन सम्बन्धी ठेक्का लगाउने कार्यका लागि मिति २०७९/०९/०४ गतेका दिन आशय पत्र पेश गर्ने सम्बन्धी प्रकाशित सूचना बमोजिम मिति २०७९/०९/१९ गते दिउँसो १२:०० बजेसम्म दर्ता हुन आएका आशय मूल्याङ्कन गर्दा सबैभन्दा बढी कबोल रकम रु. १,११,१११।– (भ्याट बाहेक) सहित आशय पत्र पेश गर्ने निर्माण कम्पनी/फर्म श्री कँडेल सुपर कनस्ट्रक्सन, धनगढी, कैलाली सारभूत रुपले प्रभावग्राही ठहरिएको हुँदा उक्त फर्म/कम्पनी छनौट गरि बोलपत्र मूल्याङ्कन समितिबाट सम्झौताका लागि सिफारिस समेत भई आएकोले उक्त फर्मको बोलपत्र स्वीकृत गरि सम्झौता गर्ने निर्णय गरियो।

**निर्णय नं. १०:**

जिल्ला समन्वय समिति, कैलालीका प्रमुख श्री पदम बहादुर कलेलको मिति २०७९/०९/२३ गते भएको असामायिक निधन प्रति दुःख व्यक्त गर्दै यस दुःखद घडीमा वहाँ प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्ने र शोक सन्तप्त परिवारजन प्रति गहिरो समवेदना प्रकट गर्ने गरी पेश भएको शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो।

आजको बैठक अन्त गरियो।